# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रूकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

गाउँ कार्यपालिकाका निर्णयहरु

आ.ब. २०७९।८०

बैठक नं.११

मितिः२०७९।१०।०९

| क.स | निर्णयको व्यहोरा | कै. |
|---|---|---|
| १ | गाउँ कार्यपालिकाको मिति २०७९।०९।२२ गते भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । निर्णयहरु पुर्णरुपमा कार्यान्वयनमा ल्याउन अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउने निर्णय गरियो । | |
| २ | जनयुद्ध दिवसको अवसरमा फाल्गुन १ गते हुने पाँचौ राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथन तयारीको लागि निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।<br>• मञ्च व्यवस्थापन समिति<br>• अतिथि सत्कार व्यवस्थापन समिति<br>• खेल संञ्चालन समिति<br>• प्रचार-प्रसार समिति<br>• सुरक्षा समिति<br>• स्वास्थ्य तथा सरसफाई समिति<br>• गुरिल्ला म्याराथन धावन मार्ग व्यवस्थापन समिति<br>• जनपरिचालन तथा झाँकी व्यवस्थापन समिति | |
| ३ | आ.व. २०७९/८० को ११औं कार्यपालिका बैठक बाट ११ बुंदे मौराखारा घोषणा पत्र जारी गर्ने निर्णय गरियो ।<br>• समुन्द्री सतहबाट २९०० मिटर उचाइमा रहेको मौराखारा क्षेत्रलाई पर्यापर्यटनको (Eco-tourism) रुपमा विकास गर्ने ।<br>• मौराखारा क्षेत्रको जैविक विविधतालाइ समुदाय द्धारा संरक्षित क्षेत्रको रुपमा विकास गर्ने।<br>• मौराखारा क्षेत्रमा रहेको बन, बन्यजन्तु ,जडीबुटी, चराचुरुङ्गी लगायतका प्राकृतिक स्रोत साधनको सही सदुपयोग गरी पर्यटन प्रवर्धन मार्फत उत्पादनशील रोजगारी सिर्जना गर्न तयार पारिएको बिस्तृत परियोजना प्रतिवेदन (DPR)स्वीकृत गर्ने । | |



सानीभेरी गाउँपालिका

| | |
|---|---|
| | • मौराखारा क्षेत्रको जैबिक विविधता र पारिस्थितिक प्रणाली बचाइराख्न नेपाल सरकार बन तथा वातावरण मन्त्रालय ,यस क्षेत्रमा काम गर्ने अन्तराष्ट्रिय तथा राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ सस्थाहरु, बिकास साझेदारहरु, जिल्ला स्थित बन कार्यालय ,सामुदायिक संस्थाहरु र तत् तत् क्षेत्रका नागरिकहरुसंग समन्वय र सहकार्य गर्ने ।<br>• मौराखारा क्षेत्रमा जैविक पदमार्ग (Biological Path)विकास गरी पर्यटन प्रवर्धन गर्न सानीभेरी गाउँपालिका वडा नं. ४ टुरा, वडा नं. ३ कमैदे र वडा नं. ५ हाँसु पोखरी भन्दा उपल्लो भेगमा मोटर बाटो बिस्तार नगर्ने साथै उक्त भूभागको भर्जिनिटि बचाईराख्न आठबिसकोट नगरपालिका संग आवश्यक समन्वय र सहकार्य गर्ने ।<br>• मौराखारालाई पर्यापर्यटन संगसंगै युद्धपर्यटनको रुपमा विकास गर्न आवश्यक पुर्वाधारको निर्माणका लागि संघ प्रदेश र पालिकाको साझेदारी गर्ने ।बिस्तारै संघ र प्रदेशको समपूरक तथा विशेष अनुदानलाइ यस क्षेत्रमा पुर्वाधार निर्माणका लागि प्राथामिकिकरण गर्ने ।<br>• मौराखारा क्षेत्रमा धार्मिक पर्यटन विकास गर्न मठ मन्दिर लगायतका संरचना विकास गर्ने । Agroforestry मार्फत कृषि पर्यटन विकास गर्न आवश्यक अध्ययन अनुसन्धान गर्ने ।<br>• आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका लागि कमैदे, टुरा र हाँसुपोखरी क्षेत्रमा सानीभेरीको मौलिकता झल्काउने आवास सुविधासहितका होम स्टे विकास गर्ने ।<br>• मौराखारा क्षेत्रमा हुने आगलागी, जीवजन्तु ,चराचुरुङ्गी ,जडिबुटी र काष्ठपैदावारको अवैध चोरी शिकारी तथा निकासीलाइ नियन्त्रण गर्ने । यस क्षेत्रमा बनको हैसियत जोगाइराख्न विभिन्न निकायसंग समन्वय र सहकार्य गर्ने ।बर्षेनि हुने आगलागी नियन्त्रण गर्न जनचेतना, दण्ड र पुरुस्कार लाई कडाईका साथ लागु गर्ने ।<br>• गुरिल्ला म्याराथनलाइ सानीभेरीको ब्राण्डको रुपमा विकास गर्ने र त्यसको ट्रान्जिट प्वाइन्टको रुपमा मौराखारा क्षेत्रलाइ ब्यवस्थित बनाउने ।<br>• सानीभेरी गाउँपालिकामा मौराखारा, रिम्नादोभान ,भेरीदह ,मालिकालेक र सानीभेरी नदीमा जलयात्रा(Rafting) लाइ मुख्य पर्यटकीय गन्तब्यको रुपमा विकास गर्ने । |
| ४ | सानीभेरी गाउँपालिकाको आवधिक योजना निर्माण गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुरुप तपशिल बमोजिमको आवधिक योजना तर्जुमा निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।<br><u>तपशिल</u> |

# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

| | |
|---|---|
| बिर्ख बहादुर बिष्ट | संयोजक |
| कमला रोका पुन | उप संयोजक |
| पहलसिंह घर्तीमगर | सदस्य |
| भूपालसिं वली | सदस्य |
| टेक बहादुर पुन | सदस्य |
| शेर बहादुर खडका | सदस्य |
| कुल बहादुर बुढा | सदस्य |
| मान बहादुर पुन | सदस्य |
| टिकाराम खडका | सदस्य |
| प्रेम बहादुर बिक | सदस्य |
| जगदिश नकाल | सदस्य |
| अल बहादुर खत्री | सदस्य |
| मनोज बुढाथोकी | सदस्य |
| सेते कामी | सदस्य |
| बल बहादुर बिक | सदस्य |
| लिला खडका मगर | सदस्य |
| देउमा भण्डारी | सदस्य |
| सार पुन मगर | सदस्य |
| विमला विक रोका | सदस्य |
| भूपाल सिं बिष्ट | सदस्य |
| महेन्द्र वली | सदस्य |
| छविलाल केसी | सदस्य |
| भुपेन्द्र पुन | सदस्य |
| गणेश खडका | सदस्य |
| मीनाराम के सि | सदस्य |
| नन्दलाल सापकोटा | सदस्य |
| रमेश खडका | सदस्य |
| मानवीर वली | सदस्य |
| सरस्वति वि क | सदस्य |

सानीभेरी गाउँपालिका

# सानीभेरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सिम्ली, रूकुम (पश्चिम)
**कर्णाली प्रदेश, नेपाल**

| | | |
|---|---|---|
| | नारायण वली सदस्य<br>प्रेम जि एम सदस्य<br>शारदा चौधरी सदस्य<br>अर्जुन न्यौपाने सदस्य<br>कृष्ण प्रसाद वली सदस्य<br>मोतिराम रोका .................... सदस्य<br>इन्दिरा वली .................... सदस्य<br>कर्ण बहादुर नेपाली .................... सदस्य<br>दिपक बुढाथोकी सदस्य सचिव | |
| ५ | मौराखारा क्षेत्रमा पर्यटन पुर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) कार्यपालिकाबाट स्वीकृत भइसकेकोले उक्त प्रतिवेदन अनुरुप आवश्यक पर्ने बजेट संघ र प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो । | |
| ६ | आवधिक योजना निर्माणका लागि आवश्यक विवरण वडा कार्यालय र विभिन्न शाखाबाट माघ १६ गते भित्र सफ्टकपि र हार्डकपि सानीभेरी गाउँपालिका कार्यालयको सूचना प्रविधि शाखामा बुझाउने निर्णय गरियो । | |
| ७ | मिति २०७९/०९/२२ गतेको कार्यपालिकाको निर्णयानुसार २०७९/१०/१५ गते निर्धारण गरिएको सानीभेरी गाउँपालिकाको १२औ हिउँदे गाउँसभा विविध कारणवश सोही मितिमा सम्पन्न गर्न कठिन भएकोले मिति २०७९/१०/२५ गते बुधबारका दिन सम्पन्न गर्ने निर्णय गरियो । | |
| ८ | आसन्न पाँचौ मौराखारा गुरिल्ला म्याराथनमा पुरुष र महिला तर्फ तपशिल बमोजिमको पुरुस्कार राशि प्रदान गर्ने र सान्त्वना पुरुस्कार प्राप्त गर्न निर्धारित समय भित्र धावन मार्ग पुरै फन्का लगाएको हुनुपर्ने निर्णय पारित गरियो । | |

**महिला म्याराथन तर्फ**

| क्र.स. | स्थान | जना | राशि प्रति ब्यक्ति | जम्मा |
|---|---|---|---|---|
| ०१ | प्रथम | १ | रु ६०००० | रु. ६०००० |
| ०२ | द्धितिय | १ | रु ४०००० | रु. ४०००० |
| ०३ | तृतीय | १ | रु २०००० | रु. २०००० |

सानीभेरी गाउँपालिका

# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ०४ | चतुर्थ | १ | रु १०००० | रु. १०००० |
| ०५ | सान्त्वना | ६ | रु ३००० | रु.१८००० |
| कूल जम्मा | | | | रु.१४८००० |

पुरुष म्याराथन तर्फ

| क्र.स. | स्थान | जना | राशि प्रति ब्यक्ति | जम्मा |
|---|---|---|---|---|
| ०१ | प्रथम | १ | रु १००००० | रु.१००००० |
| ०२ | द्धितिय | १ | रु ७५००० | रु.७५००० |
| ०३ | तृतीय | १ | रु ४५००० | रु.४५००० |
| ०४ | चतुर्थ | १ | रु १५००० | रु. १५००० |
| ०५ | सान्त्वना | ६ | रु ३००० | रु.१८००० |
| कूल जम्मा | | | | रु.२५३००० |

६. सेवा प्रवाहलाई प्रभावकारी बनाउन, सेवामा सु-शासन ल्याउन, मध्यपान नियन्त्रण गर्न आवश्यक प्रक्रिया तुरुन्त अगाडी बढाउने निर्णय गरियो। मध्यपानमा शुन्य सहनशीलता ल्याउन कुनै कसर बाँकी नराख्ने निर्णय गरियो। मध्यपान जस्तो जघन्य अपराध कार्यपालिकालाई जनसमक्ष छिटो सूचना माध्यमबाट दिन सक्ने अवस्थाको सिर्जना गर्ने निर्णय गरियो।

सानीभेरी गाउँपालिका

# ११ औं कार्यपालिका बैठकबाट जारी ११ बुँदे मौराखारा घोषणा पत्र

**स्थान: मैराखारा लेक छेलोहान्ने**

**जारी मिति :२०७९/१०/०९**

१. समुन्द्री सतहबाट २९०० मिटर उचाइमा रहेको मौराखारा क्षेत्रलाई पर्यापर्यटनको (Eco- tourism) रुपमा विकास गर्ने।

२. मौराखारा क्षेत्रको जैविक विविधतालाइ समुदाय द्धारा संरक्षित क्षेत्रको रुपमा विकासगर्ने।

३. मौराखारा क्षेत्रमा रहेको बन, बन्यजन्तु, जडीबुटी, चराचुरुङ्गी लगायतका प्राकृतिक स्रोत साधनको सही सदुपयोग गरी पर्यटन प्रवर्धन मार्फत उत्पादनशील रोजगारी सिर्जना गर्न तयार पारिएको बिस्तृत परियोजना प्रतिवेदन (DPR)स्वीकृत गर्ने।

४. मौराखारा क्षेत्रको जैविक विविधता र पारिस्थितिक प्रणाली बचाइराख्न नेपाल सरकार बन तथा वातावरण मन्त्रालय, यस क्षेत्रमा काम गर्ने अन्तराष्ट्रिय तथा राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ सस्थाहरु, विकास साझेदारहरु, जिल्ला स्थित बन कार्यालय ,सामुदायिक संस्थाहरु र तत् तत् क्षेत्रका नागरिकहरुसंग समन्वय र सहकार्य गर्ने।

५. मौराखारा क्षेत्रमा जैविक पदमार्ग (Biological Path) विकास गरी पर्यटन प्रवर्धन गर्न सानीभेरी गाउँपालिका वडा नं. ४ टुरा र नौलाखर्क , वडा नं. ३ कमैदे र वडा नं. ५ को हाँसु पोखरी भन्दा उपल्लो भेगमा मोटर बाटो बिस्तार नगर्ने साथै उक्त भूभागको भर्जिनिटि बचाईराख्न आठबिसकोट नगरपालिका संग आवश्यक समन्वय र सहकार्य गर्ने।

६. मौराखारालाई पर्यापर्यटन संगसंगै युद्धपर्यटनको रुपमा विकास गर्न आवश्यक पुर्वाधारको निर्माणका लागि संघ प्रदेश र पालिकाको साझेदारी गर्ने। संघ र प्रदेशको समपूरक तथा विशेष अनुदानलाइ यस क्षेत्रमा पुर्वाधार निर्माणका लागि प्राथामिकिकरण गर्ने।

७. मौराखारा धार्मिक पर्यटन विकास गर्न मठ मन्दिर लगायतका संरचना विकास गर्ने। Agro forestry मार्फत कृषि पर्यटन विकास गर्न आवश्यक अध्ययन अनुसन्धान गर्ने।

८. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका लागि कमैदे, टुरा र हाँसुपोखरी क्षेत्रमा सानीभेरीको मौलिकता झल्काउने आवास सुविधासहितका होम स्टे विकास गर्ने।

९. मौराखारा क्षेत्रमा हुने आगलागी, जीवजन्तु, चराचुरुङ्गी, जडिबुटी र काष्ठपैदावारको अवैध चोरी शिकारी तथा निकासीलाइ नियन्त्रण गर्ने। यस क्षेत्रमा बनको हैसियत जोगाइराख्न विभिन्न निकायसंग समन्वय र सहकार्य गर्ने साथै बर्षेनि हुने आगलागी नियन्त्रण गर्न जनचेतना बढाउने कार्यक्रम संगसगै दण्ड र पुरुस्कार लाई कडाईका साथ लागु गर्ने।

१०. गुरिल्ला म्याराथनलाइ सानीभेरीको ब्राण्डको रुपमा विकास गर्ने र त्यसको ट्रान्जिट प्वाइन्टको रुपमा मौराखारा क्षेत्रलाइ ब्यवस्थित बनाउने। सानीभेरी गाउँपालिकामा मौराखारा, रिम्नादोभान, भेरीदह, मालिका लेक र सानीभेरी नदीमा जलयात्रा (Rafting) लाइ मुख्य पर्यटकीय गन्तब्यको रुपमा विकास गर्ने।

११. सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी बनाउन सुशासनमा जोड दिने। जनताको काममा हुने गरेका ढिला सुस्ति तथा भ्रष्ट्रचार जन्य गतिविधि सानीभेरी गाउँपालिकाका लागि क्षम्य नहुने। सार्वजनिक प्रशासनमा दण्ड र पुरुस्कारको नीति अबलम्वन गर्ने।

०७।१०।०९

बिर्ख बहादुर बिष्ट

अध्यक्ष